आज मिति २०७७ साल मंशिर ३० गते मंगलबारका दिन यस साँफेबगर नगरपालिकाका नगर प्रमुख श्री कुल बहादुर कुँवरज्यूको अध्यक्षतामा आ.व.२०७७/७८ को पाँचौ कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितीमा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

उपस्थिती:

| क्र.सं. | नाम, थर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री कुल बहादुर कुँवर | नगर प्रमुख | ९८५१०७७११८ | |
| २. | श्री बिर्मला देवी बुढ्थापा | नगर उप-प्रमुख | ९८६८७०७४४६ | |
| ३. | श्री अमर बहादुर शाह | सदस्य | ९८६८४३६५५५ | |
| ४. | श्री कालु सिंह कुँवर | सदस्य | ९८५८६५०७१२ | |
| ५. | श्री कृष्ण बहादुर बुढा | सदस्य | ९८६५६२६२६४ | |
| ६. | श्री बालगिरी कुँवर | सदस्य | ९८४८६७७५०२ | |
| ७. | श्री उजिरे साउँद | सदस्य | ९८६८५२५५६ | |
| ८. | श्री प्रेम राज शर्मा | सदस्य | ९८४८६१२७६० | |
| ९. | श्री मिठ्ठु सिंह भाट | सदस्य | ९८४८४११६९९ | |
| १०. | श्री टंक बहादुर कुँवर | सदस्य | ९८६९१५६८६६ | |
| ११. | श्री ध्रुव बहादुर थापा | सदस्य | ९८४८५५४०३५ | |
| १२. | श्री लाल बहादुर खडका | सदस्य | ९८४८६९२९४८ | |
| १३. | श्री गणेश बहादुर खडका | सदस्य | ९८६५८३२६४५ | |
| १४. | श्री प्रकाश बहादुर राना | सदस्य | ९८४८५३०११९ | |
| १५. | श्री सागर सिंह सोनार (बाल्ली) | सदस्य | ९७४९०३६३५७ | |
| १६. | श्री कर्ण बहादुर साउँद | सदस्य | ९८४८६७७९८६ | |
| १७. | श्री जीत बहादुर निशानी लुहार | सदस्य | ~~[illegible]~~ ९८६२२०७०८८ | |
| १८. | श्री दुरी देवी कुँवर | सदस्य | ९८१४६६७२१० | |
| १९. | श्री सुरत बहादुर भुल | सदस्य | ९८२५६९६११३ | |
| २०. | श्री सावी मिजार | सदस्य | ९८०४६८३८३५ | |
| २१. | श्री शंकर भुल | सदस्य | ९८४८६००८७६ | |
| २२. | श्री जयन्ती देवी बोगटी | सदस्य | ९८६८८००१८२ | |
| २३. | श्री सावित्री देवी कुँवर | सदस्य | ९८६८७२४०६२ | |
| २४. | श्री शान्ती देवी जोशी | सदस्य | ९८४८५२६५४९ | |
| २५. | श्री धनेन्द्र भुजेल | सदस्य सचिव | ९८५८४८४१०० | |

आमन्त्रित:

| | | | | |
|---|---|---|---|---|
| २६. | श्री एकेन्द्र भुल | का.वा. वडा अध्यक्ष वडा नं ७ | ९८४८५५२३९३ | |
| २७. | श्री पवित्रा देवी कुँवर | का.वा. वडा अध्यक्ष वडा नं ३ | ९८४८६९३४२२ | |
| २८. | श्री नृप विश्वकर्मा | सहायक चौथो | ९८४८६०४१२० | |

क्रमश:)

Scanned with CamScanner

प्रस्तावहरुः

१. रिपोर्टिङ

२. खाता सञ्चालन सम्बन्धमा ।

३. एम्बुलेन्स चालक करारमा पूर्ति गर्ने सम्बन्धमा

४. सडक मापदण्ड निर्धारण सम्बन्धमा ।

५. नक्सा पास सम्बन्धमा ।

६. अन्तर स्थानीय तह अनुदान सहयोग सम्बन्धमा(कमलबजार न.पा.) ।

७. स्थानीय लैंङ्गिक हिंसा निवारण कोषको स्थापना सम्बन्धमा ।

८. कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

९. विविध

क) कवाडी सामानको टेन्डर आव्हान गर्ने सम्बन्धमा ।

ख) सामान लिलाम गर्ने सम्बन्धमा ।

ग) प्रमुख प्रशासकीय अधिकृतको आवासमा खाना सहयोगी नियुक्त गर्ने सम्बन्धमा ।

घ) मेसिनरी औजार मर्मत र खरिद गर्ने सम्बन्धमा ।

ङ) स्काभेटर मेसिनको भाडा दर निर्धारण गर्ने सम्बन्धमा ।

च) नगरपालिकाको पुरानो केन्टिन सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं. ०१**

प्रस्ताव नं. ०१ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको चौथो कार्यपालिका बैठक यता करिब १ महिनाको समयावधिका बीच यस नगरपालिकाबाट सञ्चालित गतिविधिहरुको बारेमा नगर प्रमुखज्यूबाट संक्षिप्त रिपोर्ट प्रस्तुत भई यस बीचमा सँफेबगर नगरपालिकाका १४ वटै वडामार्फत सञ्चालित गतिविधिहरुको बारेमा सम्बन्धित वडा अध्यक्ष र आ-आफ्नो क्षेत्रको क्षेत्रगत रिपोर्टिङ नगर उप-प्रमुख र कार्पालिका सदस्यहरुबाट प्रस्तुत हुँदा कार्य सञ्चालनार्थ देखिएका समस्या तथा ती समस्याको समाधानका उपाय तथा समसामयिक विषयमा पुनः नगर प्रमुखज्यूको सम्बोधन पश्चात रिपोर्टिङ कार्य सम्पन्न गरियो ।

**निर्णय नं. ०२**

प्रस्ताव नं. ०२ माथि छलफल गर्दा यस अघि साँफेबगर नगरपालिकाको खाता नि.प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मी प्रसाद शर्मा र लेखा सहायक श्री सुदिपराज बस्नेत, सह-लेखापाल सरस बुढा र तुलसी देवी सापकोटाको संयुक्त दस्तखतबाट सञ्चालन भइरहेकोमा अब उप्रान्त उक्त खाता प्रमुख प्रशासकीय अधिकृत श्री धनेन्द्र भुजेल र लेखा अधिकृत श्री लक्ष्मी प्रसाद शर्माको संयुक्त दस्तखतबाट सञ्चालन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ०३**

प्रस्ताव नं. ०३ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा रहेको एम्बुलेन्स सञ्चालन गर्न १ जना एम्बुलेन्स चालकको आवश्यकता भएकोले सो पद करारमा पूर्तिका लागि विज्ञापन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

Scanned with CamScanner

**निर्णय नं. ०४**

प्रस्ताव नं. ०४ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४५ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रका स्थानीय सडकहरुको दायाँ बायाँ अधिकारक्षेत्र (राइट अफ वे) को सिमा तोक्न सक्ने व्यवस्था भए बमोजिम सडक मापदण्ड निर्धारण गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

- वडा जोड्ने सडकको अधिकार क्षेत्र - ८ मीटर
- टोल बस्ती जोड्ने सडकको अधिकार क्षेत्र - ६ मीटर
- लुङ्ग्रेली गाड देखि वैद्यनाथ सम्मको सडकको अधिकार क्षेत्र - ८ मीटर
- जनकल्याण देखि एयरपोर्ट बजार सम्मको सडकको अधिकार क्षेत्र – ८ मीटर

**निर्णय नं. ०५**

प्रस्ताव नं. ०५ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रमा निर्माण गरिने घरहरुको घर नक्सा पास तपसिल बमोजिम गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

- राजमार्गको दायाँबायाँ क्षेत्रमा निर्माण गरिने घरहरुको हकमा सडकको मध्य विन्दुबाट कम्तीमा १५ मीटर छोड्ने र ३ मीटर सेटव्याक गरी जम्मा १८ मीटर छोडेर मात्र घर निर्माण गरेमा सो घरको नक्सा पास गर्ने,
- वडा जोड्ने सडकहरुको दायाँबायाँ क्षेत्रमा निर्माण गरिने घरहरुको हकमा सडकको मध्य विन्दुबाट कम्तीमा ८ मीटर छोडने र २ मिटर सेटव्याक गरी जम्मा १० मीटर छोडेर घर निर्माण गरेमा मात्र सो घरको नक्सा पास गर्ने,
- टोलबस्ती जोड्ने सडकहरुको दायाँबायाँ क्षेत्रमा निर्माण गरिने घरहरुको हकमा सडकको मध्य विन्दुबाट कम्तीमा ६ मीटर छोडने र २ मिटर सेटव्याक गरी जम्मा ८ मीटर छोडेर घर निर्माण गरेमा मात्र सो घरको नक्सा पास गर्ने,

**निर्णय नं. ०६**

प्रस्ताव नं. ०६ माथि छलफल गर्दा अछाम जिल्ला कमलबजार नगरपालिका अन्तर्गत प्राथमिक उपचार केन्द्र कमलबजारमा स्थापित कोभिड-१९ रोगको परिक्षणका लागि पिसिआर आरटी मेसिन जडान भई प्रयोगशाला सेवा सञ्चालनमा रहेको र सो प्रयोगशाला तथा जनशक्तिको व्यवस्थापनका लागि कमलबजार नगरपालिकाबाट आर्थिक सहयोगको माग भई आएकोले अन्तर स्थानीय तह अनुदान सहयोग अन्तर्गत उक्त नगरपालिकालाई रकम रु. ५००,०००/- अक्षेरुपी पाँच लाख अनुदान सहयोग उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ०७**

प्रस्ताव नं. ०७ माथि छलफल गर्दा यस नगरपालिका तहमा लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी उक्त कोषमा आ.व. ०७७/०७८ मा रकम रु.१ लांख विनियोजन गर्ने प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ०८**

प्रस्ताव नं. ०८ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत वडा तथा नगर तहका आ.व.०७७/७८ को प्रथम र दोस्रो चौमासिकमा सञ्चालन भइ सम्पन्न हुने योजना तथा कार्यक्रमहरु कार्यान्वियन गरी दोस्रो चौमासिकको फागुन मसान्तभित्र सम्पन्न गर्ने र फागुन मसान्त पछी उक्त चौमासिकका योजना तथा कार्यक्रमहरुको भुक्तानी नगरिने सर्वसम्मत निर्णय पारित गरियो ।

Scanned with CamScanner

निर्णय नं. ०९

प्रस्ताव नं. ०९ विविध (क) माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रमा रहेको कवाडी सामानको व्यवस्थापनको लागि रकम रु. १ लाख को टेन्डर आव्हान गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियों ।

निर्णय नं. १०

प्रस्ताव नं. ०९ विविध (ख) माथि छलफल गर्दा यस नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा रहेका लिलाम गर्नुपर्ने गाडी, फर्निचर लगायतका जिन्सी सामानहरुको लिलामको प्रक्रिया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. ११

प्रस्ताव नं. ०९ विविध (ग) माथि छलफल गर्दा यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको आवासमा खाना तथा सरसफाई र नगरपालिका कार्यालय परिसरको बगैंचा हेरचाह गर्ने कार्यका लागि मासिक पारिश्रमिक रु.६,५००/- उपलब्ध गराउने गरी करारमा खाना तथा सरसफाई सहयोगी नियुक्त गर्नुका साथै प्रमुख प्रशासकीय अधिकृतको खाना तथा आवास लगायतको सुविधा नगर कार्यपालिकाको कार्यालयले व्यहोर्ने गरी सो को अख्तियारी प्रमुख प्रशासकीय अधिकृतलाई दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं. ०९ विविध (घ) माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा रहेका मेसिनरी औजारहरुको आवश्यकता अनुसार मर्मत तथा खरिद कार्य प्रक्रिया अघि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं.१३

प्रस्ताव नं. ०९ विविध (ङ) माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा रहेको स्काभेटर मेसिन भाडामा सञ्चालन गर्दा तपसिल बमोजिमको भाडादर कायम गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

- स्काभेटर मेसिनको भाडा प्रति घण्टा रु. ६०००/- (छ हजार मात्र)
- मेसिन अपरेटर भत्ता प्रति घण्टा रु. ३५०/- (तीन सय पचास मात्र)

(मेसिन सञ्चालन गर्दा लाग्ने इन्धन, अपरेटर भत्ता, अपरेटर र हेल्परको खाना, खाजा खर्च मेसिन भाडामा लिनेले व्यहोर्नु पर्नेछ । )

निर्णय नं.१३

प्रस्ताव नं. ०९ विविध (ङ) माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकाको साविक कार्यालय भवन (हाल ०४ नं. वडा कार्यालय मष्टामाण्डौंको भवन) सँग जोडिएको तत्कालीन गा.वि.स. को कार्यालय मष्टामाण्डौंको अनुमतिमा अछाम जिल्ला साँफेबगर नगरपालिका वडा नं. ०४ मष्टामाण्डौं निवासी झंकर बहादुर कुँवरले आफ्नै लगानीमा केन्टिन प्रयोजनका लागि निर्माण गरिएको कर्कट पाताको टहरामा केही समय मात्र केन्टिन सञ्चालन भई हाल बन्द अवस्थामा रहेकोले उक्त टहरा निर्माण गर्दा भएको खर्च रकम रु.७०,०००/- सत्तरी हजार मात्र निज झंकर बहादुर कुँवरलाई उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

Scanned with CamScanner